# गैर-वित्तीय पेशाकर्मी तथा व्यवसायी (DNFBPs) को सहभागितामा एक दिने कार्यशाला गोष्ठी सम्पन्न

वित्तीय जानकारी इकाई (FIU-Nepal) को आयोजनामा मिति २०८० मंसिर २६ गते काठमाडौं, धुम्बाराही स्थित अकामा होटलमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा गैर-वित्तीय पेशाकर्मी तथा व्यवसायी (Designated Non-Financial Businesses and Professions-DNFBPs), सम्वन्धित नियमनकारी निकायहरु तथा एशोसियसनहरुको सहभागितामा एक कार्यशाला गोष्ठी सम्पन्न भयो ।




उक्त कार्यक्रमका प्रमुख अतिथि नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभागका महानिर्देशक चक्रबहादुर बुढाले गैर-वित्तीय व्यवसायी तथा पेशाकर्मी वर्गका सूचक संस्थाहरुले goAML System मा आवद्ध भई रिपोर्टिङ्ग गर्नुपर्ने आवश्यकता औंल्याउँदै आवद्ध हुन बाँकी सूचक संस्थाहरुलाई यथाशीघ्र चाँडो आवद्ध हुन र आबद्ध भइसकेका सूचक संस्थाहरुलाई प्रभावकारी रुपमा रिपोर्टिङ्ग कार्य गर्नका लागि जोड दिनुभयो ।

कार्यक्रममा अतिथि ICAN का प्राविधिक निर्देशक किरण कुमार खत्रीले सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा गैर-वित्तीय व्यवसायी तथा पेशाकर्मीहरुले पनि आफ्ना ग्राहकहरुको प्रोफाइल एवं जोखिमको आधारमा कारोवारको रिपोर्टिङ्ग वित्तीय जानकारी इकाईमा गर्न आवश्यक रहेको बिचार व्यक्त गर्नु भयो ।

इकाई प्रमुख दीर्घ बहादुर रावलले सम्पूर्ण सहभागीहरुको जिज्ञासा उपर सम्बोधन गर्दै वित्तीय जानकारी इकाईले सूचक संस्थाहरु र अनुसन्धानकारी निकायहरुको बीचमा रहेर सूचक संस्थाहरुले पठाएका प्रतिवेदनहरु प्राप्त गरी सोको विश्लेषण पश्चात् अनुसन्धानकारी निकायमा पठाउने गरेको जानकारी दिनु भयो । यस्तो कार्य प्रभावकारी ढंगले अगाडी बढाई सम्पत्ति शुद्धीकरण निवारण गर्नका लागि गैर-वित्तीय व्यवसायी तथा पेशाकर्मीहरुलाई goAML मा आवद्ध भई कारोवार विवरणहरु वित्तीय जानकारी इकाईमा पठाउन आग्रह गर्नु भयो ।

इकाईका उप-निर्देशक केशब प्रसाद रिमाल कार्यक्रमको औचित्यता प्रकाश पार्दै स्वागत मन्तव्य प्रदान गर्नु भएको थियो । उक्त कार्यक्रममा वित्तीय जानकारी इकाईका उप-निर्देशक स्वरुप श्रेष्ठले विद्यमान कानूनी व्यवस्था र रिपोर्टिङ्गको आवश्यकता बारे प्रस्तुती गर्नुभएको थियो । प्रस्तुतीकै पूरकका रुपमा उप-निर्देशक डा. हरि कुमार नेपालले कार्यक्रममा रिपोर्टिङ्गको आवश्यकता र यसको महत्व बारे प्रकाश पार्नु भएको थियो । कार्यक्रमको सञ्चालन सहायक निर्देशक कमल पौडेलले गर्नुभएको थियो ।